# सुनापति गाउँपालिकाको बाँझोपन निवारण घुम्ती/घरदैलो तथा पशु स्वास्थ्य शिविर सञ्चालन कार्यविधि, २०७८

## पृष्ठभूमी

पशु स्वास्थ्य सेवा सार्वजनिक सम्पत्तिको रुपमा विश्वमा हेरिदै आएको वर्तामान परिप्रेक्षमा यस सुनापति गाउँपालिकामा हाल पशु सेवा शाखा र पशु सेवा केन्द्र मार्फत पशु स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेको छ । सुनापति गाउँपालिकामा व्यवसायिक रुपमा पशुपालनको बृद्धिसँगै पशु स्वास्थ्य तर्फ विशेषज्ञको माग बढ्दै गएको वर्तमान सन्दर्भलाई दृष्टिगत गरी यस कार्यक्रम मार्फत पशु पालनको वडा /पकेट क्षेत्रमै सबै क्षेत्रका विशेषज्ञहरुको उपस्थितिमा बाँझोपन निवारण तथा पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने अभिप्रायले सुनापति गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ र सुनापति गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को व्यवस्था अनुरुप **"सुनापति गाउँपालिकाको बाँझोपन निवारण घुम्ती/घरदैलो तथा पशु स्वास्थ्य शिविर सञ्चालन कार्यविधि, २०७८"** जारी गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **"सुनापति गाउँपालिकाको बाँझोपन निवारण घुम्ती/घरदैलो तथा पशु स्वास्थ्य शिविर सञ्चालन कार्यविधि, २०७८"** रहेको छ ।

ख) यो कार्यविधि सुनापति गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"गाउँपालिका"** भन्नाले सुनापति गाउँपालिका सम्झनु पर्नेछ ।

(ख) **"कार्यालय"** भन्नाले सुनापति गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ग) **"शाखा"** भन्नाले सुनापति गाउँपालिकाको पशु सेवा शाखा सम्झनु पर्दछ ।

(घ) **"सेवा केन्द्र**" भन्नाले सुनापति गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका पशु सेवा केन्द्र सम्झनु पर्नेछ ।

(ङ) **"कार्यविधि"** भन्नाले "सुनापति गाउँपालिकाको बाँझोपन निवारण घुम्ती/घरदैलो तथा पशु स्वास्थ्य शिविर सञ्चालन कार्यविधि, २०७८" सम्झनु पर्नेछ ।

**३. उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) सुनापति गाउँपालिकाको नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(ख) व्यवसायिक पशुपालनको पकेट क्षेत्र/वडामै कृषक उद्यमीहरुलाई आवश्यक पर्ने बाँझोपन निवारण तथा सम्पूर्ण पशु स्वास्थ्य सेवा (उपचार, खोप सेवा, गाइनाकोलोजिकल सेवा, रोग निदान, सर्जिकल सेवा आदि) बाँझोपन निवारण घुम्ती/घरदैलो तथा पशु स्वास्थ्य शिविरको माध्यमबाट उपलब्ध गराउने ।

(ग) पशुपन्छीका रोगहरुको निदान, उपचार र नियन्त्रणमा सहयोग पुऱ्याउने ।

(घ) पशु स्वास्थ्य तथा भेटेरिनरी जनस्वास्थ्य सम्बन्धमा जनचेतना जगाउने ।

## परिच्छेद २

### ४. कार्यक्रम सञ्चालन प्रकृयाः

४.१ शिविर सञ्चालन गर्नुपूर्व पशु सेवा शाखाले सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रसँग समन्वय गरी तहाँको आवश्यकता अनुसार शिविर सञ्चालन गर्न स्थान छनौट गर्नेछ ।

४.२ पशु सेवा केन्द्रले आफ्नो वडाको आवश्यकता अनुसार (त्यस क्षेत्रका समूह, समितिको माग एवं सेवाको पहुँच तथा अपरिहार्यता) शिविर सञ्चालनको लागि स्थान तोकि पशु सेवा शाखालाई जानकारी गराउनेछ ।

४.३ पशु सेवा शाखाले शिविर सञ्चालनको मिति र स्थान सम्बन्धित सेवा केन्द्र र आवश्यकता अनुसार त्यस स्थानका समूह तथा सहकारीलाई जानकारी गराउनेछ ।

४.४ पशु सेवा शाखाले कार्यक्रम सञ्चालन हुन १ हप्ता अगावै स्थानीय सञ्चार माध्यम, रेडियो, पोष्टर, पम्पलेट आदिको माध्यमबाट प्रचारप्रसार गर्नेछ ।

४.५ पशु सेवा शाखाले विशेषज्ञ टोली सहित शिविरका लागि आवश्यक पर्ने औषधी, भ्याक्सिन तथा अन्य सामग्रीहरुको व्यवस्थापन गर्नेछ ।

४.६ विशेषज्ञ टोलीमा शाखाको आवश्यकताअनुसार कार्यालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका चिकित्सक तथा प्राविधिकहरु, केन्द्रीय पशु चिकित्सालय, भेटेरिनरी प्रयोगशाला, भेटेरिनरी शिक्षण संस्थान, पशु स्वास्थ्य अनुसन्धान र निजी क्षेत्रमा कार्यरत पशु चिकित्सा क्षेत्रका विज्ञहरु हुनेछन् ।

४.७ एउटा शिविरमा साना र ठूला गरी कम्तिामा १०० पशुलाई आवश्यक पशु स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-३

### ५. आर्थिक कार्यविधि

५.१ शिविर सञ्चालनको लागि अवाश्यक सम्पूर्ण कृयाकलापहरु १ लाख रुपैया सम्ममा सम्पन्न गर्नुपर्नेछ । जस अनुरुप तपशिल बमोजिमका रहनेछन् ।

**तपशिल**

| क.सं. | कृयाकलापहरु | लागत रु. |
|---|---|---|
| १. | पशु स्वास्थ्य शिविर सम्बन्धी प्रचार प्रसार | ७,०००। |
| २. | तुल/व्यानर | ३,०००। |
| ३. | औषधी, खोप तथा अन्य सामाग्री व्यवस्थापन | ७०,०००। |
| ४. | चियापान खर्च (औपचारिक कार्यक्रम समेत) | ७,०००। |
| ५. | अस्थायी ट्रेभिज निर्माण तथा अन्य लजिस्टिक व्यवस्थापन | ७,०००। |
| ६. | घर दैलो सेवा प्रयोग हुने सवारी इन्धन खर्च | ६,०००। |
| | **जम्मा** | **१,००,०००।** |

५.२ शिविरका लागि शाखाबाट खटिएका अधिकृत तथा प्राविधिक कर्मचारीहरु तथा आवश्यकता अनुसार विज्ञहरुको दैनिक तथा भ्रमण भत्ताको व्यवस्थापन प्रचलित आर्थिक नियमानुसार गाउँपालिकाको कार्यालयले गर्नेछ ।

## परिच्छेद - ४

### ६. आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखा लेखांकन, लेखा परीक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि निमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ ।

### ७. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था :

यस कार्यक्रमको अनुगमन आर्थिक विकास समिति र शाखाले गर्नेछ र सोको मासिक प्रतिवेदन र प्रगति गाउँपालिकामा पेश गर्नुपर्नेछ । मासिक, चौमासिक तथा प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु शाखा मार्फात गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

### ८. थपघट वा हेरफेर गर्न सक्नेः

१) यो कार्यविधि कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

आज्ञाले,
कमल राज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत